**१५. अविश्वासको प्रस्ताव:**

संस्थाको अध्यक्ष एवं पदाधिकारीहरु उपर अविश्वास लागे यथोचित कारण देखिई संस्थाका ६७ प्रतिशत सदस्यहरुले विशेष साधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिईनेछ । तर दुई तिहाई सदस्यहरुको निर्णय अन्तिम र मान्य हुनेछ ।

**१६. विधान संशोधन:**

यस टोल विकास संस्थाको विधान संशोधन गर्नुपर्ने भएमा संस्थाको साधारणसभाले सिफरिस गरी नगर समन्वय समितिमा पठाउने र नगर समन्वय समितिको बार्षिक भेलाको दुई तिहाई बहुमतले पारित भई नगरपालिकाले प्रमाणिकरण गरेपछि संशोधित विधान लागू हुनेछ ।

**१७. अन्य व्यवस्था :**

(क) यस विधान बमोजिम टोल विकास संस्थाले आफ्ना सदस्यहरु मध्येबाट आर्थिक विकासका लागि उद्यम समूह/उद्यम तथा आवश्यक परेका बखत खास कार्यका लगि कार्यमूलक/उपभोक्ता समुह गठन गर्न सक्नेछ । उक्त उद्यमी समुहको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

(ख) यो विधानको व्याख्या गर्ने अधिकार कार्यसमितिमा निहित रहनेछ ।

(ग) कार्यसमितिले संस्थाको उद्देश्य पूर्तिका लागि विधानको अधिनमा रही नियमावली बनाउन र उपसमिति गठन गर्न परेमा सो समेत गर्न सक्नेछ ।

(घ) प्रचलित नेपालको ऐन नियमहरुसँग बाझिएको बुँदाहरु बाझिएको हदसम्म स्वत: खारेज हुनेछ ।

**अनुसूची : २**

टोल विकास संस्थालाई नगरपालिकामा दर्ता गर्ने निवेदनको नमूना

**अनुसूची : ३**

टोल विकास संस्था दर्ता र नविकरणको अभिलेखको नमुना

**अनुसूची : ४**

टोल विकास संस्था दर्ता प्रमाणपत्र